


# CTEVT NEWS
## BULLETIN

२०७२ वर्ष १४ अङ्क १








## यस अंकका आर्कषणहरु

- प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीममा समतापूर्ण पहुँच विस्तार
- प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीम प्रणालीमा गुणस्तर समय सापेक्षता र दक्षता अभिवृद्धि
- प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीमसँग सम्बन्धित सरोकारवालाहरू बीच प्रभावकारी संयोजन
- विविध

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सानोठिमी, भक्तपुर
फोन नं.: ०१-६६३०४६९/६६३६१७२
www.ctevt.org.np

## सम्पादन समूह

**सल्लाहकारहरू:**
डा. रामहरि लामिछाने

**प्रधान सम्पादक:**
श्री सौरभराम जोशी

**सम्पादक:**
श्री शोभा खनाल
श्री सुनिल सिग्देल

**कम्प्यूटर डिजाइनिङ्:**
श्री संगम गौतम
श्री अमितानन्द न्यौपाने
श्री नागेन्द्र कुमार यादव

**फोटोग्राफी:**
श्री प्रेम कुमार गुरुङ्ग

**समन्वय तथा योगदान**
श्री गेहेन्द्र बहादुर कार्की
श्री मनोज शर्मा न्यौपाने
श्री होमनाथ अधिकारी
श्री देवदत्त वडु
श्री कलावती भट्ट



**प्रकाशक:**
**सूचना तथा अनुसन्धान महाशाखा**



प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
मध्यपुर थिमी नगरपालिका १७
सानोठिमी, भक्तपुर ।
पो.व.नं.: ३५४६
**फोन न.:** ०१-५६३९४५१/०१-६६३६१७२
फ्याक्स नं.: ०१-६६३०६७९
इमेल: research@ctevt.org.np
Website: www.ctevt.org.np


# सम्पादकीय

वर्तमान युग प्रविधि र दक्षताको युग हो । प्रविधिले कामलाई सहज र शिघ्र बनाउछ , सीपले व्यक्तिको दक्षता बृद्धि गर्दछ र व्यक्तिको दक्षताले नै राष्ट्र विकासको समग्र आधारशिला तयार गर्दछ। व्यक्तिलाई सीप र दक्षता प्रदान गर्ने र त्यसलाई व्यवहारमा उतार्ने कार्य प्राविधिक शिक्षा र व्यावसायिक तालीमले गर्ने हुनाले यस क्षेत्रमा दिनानुदिन युवाहरुको आर्कषण बढदै गएको छ। अर्थतन्त्रको विश्वव्यापिकरणसँगै राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रम बजारमा दक्ष जनशक्तिको माग र अभाव दुबै बढदै गईरहेको सन्दर्भमा नेपालमा सरकारी तथा गैर-सरकारी संघसंस्थाहरुले प्राविधिक शिक्षा र व्यावसायिक तालीमका क्षेत्रमा गरिरहेको कार्यलाई परिमाणात्मक र गुणात्मक बढोत्तरी गर्नु पर्ने आवश्यकता देखिन्छ ।यस्ता निकायहरुको संस्थागत तथा भौतिक विकास सरकारको निरन्तर प्राथमिकतामा परिरहनु पर्ने देखिन्छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद अग्रणी संस्थाको रुपमा रहेर तालीम प्रदायक संस्थाहरुको नियमन गर्ने र प्राविधिक शिक्षाको स्तरीयता कायम गर्ने सवालमा आगामी बर्षहरुमा अझ व्यवस्थित र सुदृढ गर्ने कुरामा सम्पूर्ण सरोकारवालाहरुलाई विश्वस्त पार्न चाहन्छौ ।

२०७२ बैशाख १२ र १३ गते नेपालमा गएको विनाशकारी भूकम्पले देशको राजनीति, आर्थिक, सामाजिक र अन्यक्षेत्रहरुमा समेत असर परेको छ । भुकम्प प्रभावित क्षेत्रहरुको पुनर्निर्माणको निमित्त सरकारी, गैर सरकारी, निजी क्षेत्रहरु लागीपरेका छन् । यसै सन्दर्भमा देश विदेशबाट व्यक्तिगत तथा संस्थागत रुपमा र विभिन्न दातृ निकायहरुबाट आर्थिक तथा प्राविधिक सहयोग आईरहेको छ ।यस पुनर्निर्माणका लागि देशमा रहेका सीपयुक्त जनशक्तिको सदुपयोगको साथै नयां सीपयुक्त जनशक्तिको पहिचान,उत्पादन र व्यवस्थापनको ठुलो खांचो छ । यसका लागि समेत परिषद् तयार रहेको र उपयुक्त संयोजन र समन्वयको भूमिका निर्वाह गर्न शुरु भैसकेको छ ।

देशको श्रमशक्तिको करिब १३ प्रतिशत हिस्सा बैदेशिक रोजगारमा संलग्न रहेको एवं अर्थतन्त्रको करिव एक चौथाई हिस्सा वैदेशिक रोजगारीबाट प्राप्त हुने बिप्रेषणले ओगटेको छ । यसरी बिदेशिने अधिकांस जनशक्ति अदक्ष रहेको सन्दर्भमा प्राविधिक र ब्यावसायिक सीपयुक्त दक्ष जनशक्ति बैदेशिक रोजगारीमा पठाउन सकिने हो भने बिप्रेषणको यो हिस्सा सजिलैसँग बढेर दोव्वर हुन सक्ने अवस्था छ। देश भित्र पनि ठुला लगानीका बिकास निर्माणका कार्य भैंरहेका छन् । यस्ता आयोजनाहरुका लागि समेत हाम्रो जनशक्ति अपर्याप्त भएकोले दक्ष जनशक्ति छिमेकी मुलुकवाट आयात गर्नु पर्दा ठुलो रकम विदेशिने क्रम जारी छ। निम्न एवं मध्यमस्तरका प्राविधिक जनशक्ति तयार गरी देश भित्रका उत्पादनशील क्षेत्रमा प्रयोग गर्ने र रोजगारी एवं आयआर्जनका अवसर दिन सकिने हो भने पनि युवाशक्ति पलायनको द्रुत गतिलाई रोकेर राष्ट्र निर्माणमा लगाउन सकिन्छ। यस्ता दृष्टान्तहरुले प्राविधिक शिक्षा एवं व्यावसायिक तालीमका क्षेत्रमा काम गर्ने निकायहरु र राष्ट्रिय सीप परीक्षण समिति समेतको क्रियाशिलतामा व्यापक वृद्धि हुनु पर्ने अवस्थाको संकेत गरेको छ। तब मात्र “सीपयुक्त जनता सम्वृद्ध नेपाल” को नारा सार्थक रहन्छ।

प्राविधिक शिक्षा एवं व्यावसायिक तालीमको महत्वसँगै यसले व्यहोर्ने चुनौतीहरुको प्रकृतिमा पनि परिवर्तन आएको देखिन्छ। शिक्षा विभाग अन्तर्गत संचालन भएका देश भरिका ९९वटा विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको प्रा.एस.एल.सी तहमा लेटर ग्रेडिङ्को अवधारणा लागु गर्ने निर्णय भैसकेको अवस्थामा अव आउने वर्षहरुमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गत देशका विभिन्न भागमा संचालित कार्यक्रमबाट उत्पादित जनशक्तिको ग्रेडिङ केहुने हो द्विविधा एकातर्फ छ भने अर्कोतर्फ अन्तराष्ट्रिय स्तरमा हाम्रो प्राविधिक शिक्षाको सम्वद्धताको स्तर के हो ? भन्ने सवाल पनि अनिर्णित नै रहेको अवस्था छ। यस्ता सवालहरुको स्पष्ट उत्तर र समाधान पनि यथाशक्य चाँडै खोजेर प्राविधिक शिक्षालाई स्पष्ट मार्गमा अघि बढाउनु पर्ने अवस्था विद्यमान छ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् बुलेटिनको यस अंक मार्फत हामी यस क्षेत्रका यिनै बिश्लेषणात्मक सुचना,उपलब्धि तथा सकारात्मक प्रयासलाई लक्षित वर्गसम्म सम्प्रेषण गर्ने प्रयास गर्नेछौं । प्राविधिक शिक्षाका क्षेत्रमा भएका सूचना, रुपान्तरण र चुनौतीहरुलाई साझा सिकाई र दायित्वका रुपमा आत्मासात गर्दै राष्ट्रले निर्धारण गरेका उद्देश्यहरु प्राप्तिका लागि सबै सरोकारवालाहरुको सक्रियता र ऐक्यवद्धता समेतको अपेक्षा गर्दछौं । साथै बुलेटिनको गुणस्तर बृद्धिका लागि यहाँहरुको सकारात्मक सुझावको सधै स्वागत गर्दछौं ।

# सामुदायिक विद्यालयहरूमा प्राविधिक शिक्षा अन्तरक्रिया गोष्ठी सम्पन्न




सामुदायिक विद्यालयहरुमा प्राविधिक शिक्षा मार्फत एकातिर देशका दुर्गम क्षेत्रका पिछडिएका बर्ग र क्षेत्रमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको पहुँच विस्तार गरेको छ भने अर्कोतिर यस कार्यक्रमले बिभिन्न चुनौतीहरु पनि सामना गरिरहेको छ । परिषदले देशका ७३ वटा जिल्लाका सामुदायिक विद्यालयहरुमा प्राविधिक एस.एल.सी.तहको प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन गर्दै आएकोमा शैक्षिक वर्ष २०७१/७२ देखि १५ वटा थप सामुदायिक विद्यालयहरुमा तीन वर्षे डिप्लोमा तहको कार्यक्रम संञ्चालनको लागि सम्वन्धन दिएको छ। ती विद्यालयहरुले संचालन गरिरहेका कार्यक्रमहरु वारे जानकारी आदनप्रदान गर्न तथा अन्य सान्दर्भिक बिषयहरुमा समेत छलफलको लागि पश्चिम क्षेत्रका २५ वटा विद्यालयहरुका लागि कपिलवस्तुको चन्द्रौटामा २०७१ पौष १९र२० गते, मध्य क्षेत्रका २९ वटा विद्यालयहरुको लागि हेटौडामा २०७१ माघ २२ र २३ गते तथा पूर्व क्षेत्रका १९ वटा विद्यालयहरुको लागि  जनकपुरमा २०७१ फागुन १८ र १९ गते गरि ३ स्थानमा २।२ दिने अर्न्तक्रिया गोष्ठीहरु सम्पन्न भएका छन् ।

उक्त गोष्ठीहरुको उद्घाटन परिषद्का सदस्य सचिव डा. रामहरि लामिछानेले गर्नुभएको थियो । सो अवसरमा कार्यक्रम संचालन गर्ने बिद्यालयहरुका प्राचार्यहरुले आ-आफ्ना विद्यालयका प्रगती, समस्या तथा चुनौती सम्बन्धी विवरणहरु प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रममा दुर्गम क्षेत्रमा कार्यरत प्रशिक्षकहरुका लागि बिशेष सुबिधाहरु दिईनु पर्ने, समुदायमा प्रचार प्रसार गरी यस्ता शिक्षा तर्फ बिद्यार्थीहरुको रुची जगाउदै भर्ना संख्या बढाउनु पर्ने, सम्वन्धित् निकायबाट पर्याप्त अनुगमन गरिनु पर्ने, पाठ्यक्रम अनुसार पाठ्यपुस्तक समयमै वजारमा उपलव्ध गराईनु पर्ने, कार्यक्रमको स्वीकृती दिँदा सम्भाव्यताको स्पष्ट आधार हेरिनु पर्ने, कार्यक्रमको अवधी छोट्याईनु पर्ने, छात्रावास लगायतका सुबिधाहरु पर्याप्त हुनु पर्ने जस्ता सवालहरुमा छलफल गरिएको थियो ।

उल्लेखित समस्याहरुको समाधानका लागि सक्दो प्रयास गर्ने बताउँदै TECS महाशाखाका निर्देशक श्री दोवरलाल शिलाकारले समय सापेक्ष तथा बजारको माग अनुसारका प्राविधिक जनशक्तिहरु तयार गरी रोजगारी र स्वरोजगारीका क्षेत्रमा सहयोग पुर्‍याउने खालका थप कार्यक्रमहरु छिट्टै नै अगाडि बढाउने जानकारी दिनु भएको थियो ।

# परिषद कार्यालयमा लैङ्गिक समानता र समावेशिकरणको अर्को आयाम

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले लिएका ६ वटा लक्ष्यहरु मध्ये एक लक्ष्य समानता र पहुँचको सुनिश्चित गरी प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालीम कार्यक्रम विस्तार गर्ने लक्ष्यमा आधारित भएर परिषद्ले लैङ्गिक समानता तथा समाजिक समावेशीकरणलाई मुलधारमा ल्याउने कार्य तदारुपताका साथ गरिरहेको छ । प्राविधिक शिक्षामा सीमान्तकृत समुहको पहुंच र लैङ्गिकमैत्री कार्यक्रमहरुको विस्तार पनि विभिन्न छात्रवृत्ति कार्यक्रम मार्फत निरन्तर भई नै रहेको छ। शिक्षालयको प्रशिक्षण कार्य मात्र नभएर कार्यालयको वातावरण समेत लैङ्गिक मैत्री बनाउने उद्देश्य अनुरुप परिषद कार्यालयले Gender Equility & Social Inclusion (GESI) कार्यदल गठन गरी Focal Person नियुक्ति गरी सकेको र निकट भविष्यमा नै एकाइ स्थापना गर्न लागेको छ ।

हाल परिषदको सेवामा ९३२ कर्मचारी दरवन्दी रहेकोमा १४.५% महिला र ८५.५ % पुरुष रहेका छन्। अधिकृत स्तरमा ५% मात्र महिला कर्मचारीहरु कार्यरत छन् ।सो मध्ये प्राविधिक सेवा तर्फ २% महिलाहरु मात्र प्राविधिक अधिकृत पदमा कार्यरत छन् । महिला र पुरुष दुवैको अवस्था के कस्तो छ र कसरी दुवैका अवस्थाहरुलाई सम्वोधन गर्दै संस्थागत विकास गर्न सकिन्छ भन्ने अवधारणा नै समविकासको मूलभूत मर्म हो ।

GESI Unit को सहयोगमा विभिन्न शैक्षिक कार्यक्रमहरु पूर्ण GESI Responsive बनाउँदै लैजाने तय गरेको छ। कतिपय शिक्षालयहरुमा छोटो अवधिको तालीमका रुपमा लैङ्गिक तथा समाबेशिकरण सम्वन्धि तालीम कार्यक्रमहरु संचालन गर्ने योजना रहेको छ। प्रशिक्षार्थी तथा कर्मचारीस्तरको GESI Based Disaggregated Data Base पनि तयार हुँदै गरेको छ। यी प्रयासहरुले परिषदलाई आगामी दिनहरुमा लैङ्गिकमैत्री बनाउन महत्वपूर्ण योगदान पुर्याउने विश्वास लिईएको ।

### GESI Unit का आगामी कार्यदिशाहरुमा

शिक्षालय प्रमुख,उपप्रमुख,बिभागीय प्रमुखहरु र प्रशिक्षकहरुलाई लक्षित गरी GESI Based Planning सम्वन्धि कार्यक्रमहरु संचालन गरिने, सबै शिक्षालयहरुमा GESI Focal Person को ब्यवस्था गर्ने, GESI Focal Person हरुको क्षमता अभिबृद्धि तालीम संचालन गर्ने, परिषद् कार्यालय र शिक्षालयस्तरमा GESI Focused कार्यक्रमहरु तर्जुमा तथा संचालन गर्न उत्प्रेरणा गर्ने, परिषदको कार्यक्षेत्र भित्र लैङ्गिक मैत्री Working Environment निर्माण गर्नका लागि GESI नीति तर्जुमा गरि कार्यान्वयन गर्ने गराउने, परिषद अन्तर्गतका सबै कार्यालयहरुले तयार गर्ने प्रगती प्रतिवेदनहरुमा GESI Progress सम्बन्धी विवरण अनिवार्यरुपमा समावेश गराउनेआदि समेत पर्दछ ।

# विशेष छात्रवृत्ति कार्यक्रम

सीमान्तकृत वर्गमा प्राविधिक शिक्षाको पहुँच विस्तार गरी स्तरीय जनशक्ति उत्पादन गर्ने मूल उद्देश्यका साथ आ.व २०६७६८ देखि २०७१ ।७२ सम्म विभिन्न बिषयमा प्रदान गरिएको विशेष छात्रवृत्ति प्राप्त प्रशिक्षार्थीहरुको जम्मा संख्या तलको तालिकामा प्रस्तुत छ ।

| Trade | Academic Year | Output |
|---|---|---|
| PCL Nursing –Total 976 | 067/68 | 58 |
| | 068/69 | 350 |
| | 070/71 | 368 |
| | 071/72 | 200 |
| Trade | Academic Year | Output |
| General Medicine –Total 236 | 068/69 | 44 |
| | 070/71 | 72 |
| | 071/72 | 120 |
| Trade | Academic Year | Output |
| Diploma in Civil Engineering Total 199 | 068/69 | 52 |
| | 070/71 | 27 |
| | 071/72 | 120 |
| Trade | Academic Year | Output |
| Animal Science (VJTA) Total–19 | 068/69 | 19 |
| Trade | Academic Year | Output |
| Auxillary Nurse Midwifery (ANM) 29 Months Total–185 | 2070/071 | 185 |
| Trade | Academic Year | Output |
| Auxillary Nurse Midwifery (ANM)18 Months Total–146 | 2070/071 | 146 |
| Trade | Academic Year | Output |
| Agriculture PJTA Total–26 | 2070/071 | 26 |
| Trade | Academic Year | Output |
| ConstituteSchool Diploma Level Scholarship Total–225 | 2071/72 | 225 |
| Trade | Academic Year | Output |
| Constitute School TSLC Level Scholarship Total–125 | 2071/72 | 125 |

# डकर्मी तालीमले जीवन रुपान्तरण

मेरो नाम ईश्वरी बिसुन्खे हो । यसै समाजले "दलित" भनि वर्गीकरण गरिदिएको ललितपुर लुभुको सामान्य दलित परिवारमा २८ बर्ष अगाडी मेरो जन्म भयो । एउटा दलित केटीले समाजबाट पाउन सक्ने अपमान,घृणा,गरिबी, छुतअछुतको भावना ती सबैलाई मनग्गे भोगेर म पनि हुर्किएँ । मेरो परिवारमा ८ जना दाजुभाई दिदी बहिनीहरु थियौ ।२०६० सालमा बुबा परलोक भए पश्चात मेरा दुख दोब्बर रुपमा शुरु हुन थाले । घरकी साँहिली छोरी, म त कतैबाट कसैको प्राथमिकतामा पनि नपर्ने, केटा मान्छेहरु पनि दिनभर बरालिएर हिडने । तर जसले जे भने पनि मैले स्कुल जान भने कहिल्यै छाडिन । ७ कक्षामा पढने समयमा मलाई एउटा संस्थाले प्रौढ शिक्षा पढाउने शिक्षिकाको काम दियो र त्यहीबाट मेरो जीवनको गति शुरुभयो । मैले मेरो टोलका आमाबुवा, दिदी बहिनीहरुलाई पढाउने मौका पाएँ र सो पढाउने कामबाट महिनाको रु. ३०००। पारिश्रमिक पनि पाएँ । त्यस भन्दा ठुलो कुरा त मैले नाम, हौसला र आत्मासम्मान पाएँ । त्यही प्रेरणाले मैले एस.एल.सी उत्तीर्ण गरे ।



बालाजु स्कुल अफ ईन्जिनियरिङ्ग एण्ड टेक्नोलोजीमा (BSET) मोबाईल मर्मत तालीम लिन गएकी म त त्यस तालीममा भर्ना हुन चाहनेहरुको भीड देखेर डकर्मी तालीममा भर्ना भएर पो फर्किए । मलाई यही काम गरेर खान लेखेकोले होला । मेसन भनेको के हो थाहै थिएन,चिनेका दाईहरुसँग कुरा गर्दा लौ यो त डकर्मीमा पो भर्ना भईछ भनेर हाँसेर उडाईदिए । केटा मान्छेले गर्ने काम गर्न के सकिएला र भन्ने मनमा लाग्दा लाग्दै पनि तालीममा सहभागि भए । तालीममा भाग लिए पछि भने सरहरुले निकै हौसला दिनु दिईरहे । प्राक्टिकल गर्न १३–१४ तल्ला माथी गएर गारो लगाउँदा त कहाली लाग्ने, भुईमा हिडेका मान्छे त कमिला झै लाग्ने निकै डराएँ पनि । म सँगै तालीम लिन आएका ३–४ जना केटी साथी पनि थिए, हप्ता दिन पछि तालीम नै छाडेरै हिडे तर पनि मैले हिम्मतका साथ तालीम अवधी ३ महिना पुरा गरे ।

३ महिनाको तालीम सकिएपछि, ठुला आवास तथा व्यावसायिक भवनको निर्माण हुँदै गरेको ठाँउमा खटायो, तालीममा भन्दा निकै धेरै सिकियो त्यहाँ, शुरुमा मेसन भएर मैले सबै काम गरे । छ महिना साईटमा खटिदा मैले सहकर्मी पुरुष साथीहरु भन्दा आफुलाई उत्कृष्ट बनाएर देखाई दिए । मैले ग्रान्डि टुर्स,तारा होटल,सानेपा हाउजिङ्ग,बिनय कोलोनी जस्ता ठुला साईटहरुमा काम गरिसकेकी छु । अहिले म CE Construction को Supervisor को रुपमा कार्यरत छु । हातमा सीप र मष्तिष्कमा ज्ञान छ,जहाँ गएर पनि काम गरेर खान सक्ने आत्मविश्वास छ, आत्मानिर्भर छु,मेरो कमाईले सन्तुष्ट छु,आवश्यकता परेको बेला आमालाई आर्थिक सहयोग दिने गरेकी छु । आत्मनिर्भर हुन नसकेका आम महिला दिदी बहिनीहरुले यस समाजमा भोग्नु परेको परिस्थिति देख्दा दुःख लाग्दछ । उनीहरुले पनि मेरो जस्तै सीप सिकेर म जस्तै आत्मनिर्भर भैदिए हुने थियो भन्ने लाग्दछ । म सबै महिला दिदी बहिनीहरुलाई आत्मबिश्वासी हुन, मेहनती हुन र आत्मनिर्भर बन्न अनुरोध गर्दछु । अहिले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गतका शिक्षालयहरुले विभिन्न विषयको छोटो अवधीको ३ महिने तालीम निशुल्क दिने व्यवस्था छ ।



सो को फाईदा उठाउन सबैलाई अनुरोध समेत गर्दछु ।

अन्तमा मेरो जीवन रुपान्तरणको लागि सहयोगी BSETबालाजु, प्रशिक्षकज्यूहरु, साईट सुपरभाईजरहरु र CE Constructionप्रति आभार ब्यक्त गर्न चाहन्छु ।

मलाई खोज्दै आएर मेरो जीवनी बाहिर ल्याई अरुहरुलाई पनि उत्प्रेरणा प्रदान गर्नु हुने तपाईलाई समेत धन्यबाद दिन चाहन्छु ।

*(अनिलमुनि बज्राचार्यको सहयोगमा शोभा खनालसँगको कुराकानीमा आधारित)*

# प्रविधिगत न्याय बिषयक राष्ट्रिय गोष्ठी




नेपाल राष्ट्रिय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नाष्ट) र Practical Action को आयोजना तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् लगायत अन्य नौ वटा सरकारी तथा गैरसरकारी संस्थाको सह आयोजनामा प्रज्ञा प्रतिष्ठानको केन्द्रीय कार्यालय सातदोवाटोमा २०७१ चैत्र १६ गते "National Summit on Technology Justice"विषयमा राष्ट्रिय गोष्ठी सम्पन्न भयो । उक्त गोष्ठीको उद्घाटन कार्यक्रमका प्रमुख अतिथि एवं राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. गोविन्द नेपालले गर्नु भएको थियो भने कार्यक्रमको सभापतित्व प्रतिष्ठानका उपकुलपति प्रा.डा. जीवराज पोखेलले गर्नुभएको थियो ।

उद्घाटन सत्र पश्चात फरक फरक समानान्तर छलफलका सत्रहरु संचालन गरिएका थिए । कृषि, खाद्य सुरक्षा एवं जैविक प्रविधि, उर्जा, यातायात तथा पुर्वाधार विकास, WASH, DRR and CC, र प्राविधिक शिक्षा तथा सूचना प्रविधिको प्रयोग गरी चारवटा फरक फरक सत्रमा सम्वन्धित् क्षेत्रका विज्ञहरुले प्रस्तुती एवं छलफल गर्नु भएको थियो । प्राविधिक शिक्षा तथा सूचना प्रविधिको प्रयोगका विषयमा संचालन भएको सत्रको सहजीकरण प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद र कम्प्यूटर एशोसिएसन अफ नेपालले सँयुक्त रुपमा गरेका थिए । प्राविधिक शिक्षालाई प्रविधिको न्यायोचित पहुँचका लागि कसरी प्रयोग गर्न सकिन्छ भन्ने सन्दर्भमा काठमाण्डौं विश्वविद्यालय शिक्षा संकायका पूर्व डिन प्रा.डा.टंकनाथ शर्मा र परिषद् सूचना तथा अनुसन्धान महाशाखाका निर्देशक श्री सौरभराम जोशीले संयुक्त रुपमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सो अवसरमा Computer Association of Nepal (CAN) का उपाध्यक्ष श्री रोमकान्त पाण्डे र प्रा. डा. सिताराम व्यायुतले पनि फरक फरक विषयमा आफ्नो प्रस्तुती पेश गर्नुभएको थियो ।




उक्त कार्यक्रममा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का विभिन्न महाशाखाका निर्देशकहरु लगायत यस क्षेत्रका प्रमुख व्यक्तित्वहरुको समेत सहभागिता रहेको थियो । विश्व जनसँख्याको ठुलो हिस्सामा अफैसम्म पनि प्रविधिको न्यूनतम पहुँच समेत नपुगेको विषयमा कार्यक्रमका वक्ताहरुले जोड दिनुभएको थियो । यस्ता अन्यायपुर्ण वितरण अवस्थाको अन्त्य गर्दै न्यूनतम प्रविधिको प्रयोगको सुनिश्चितता हुनुपर्ने विषयमा कार्यक्रमका बक्ताहरुका भनाई केन्दित रहेका थिए ।

# CPSC In-Country तालीम सम्पन्न


Colombo Plan Staff College (CPSC)रप्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को संयुक्त आयोजनामा २०७१ फागुन २५ देखि २९सम्म Developing Monitoring&Evaluation Tools for TVET System बिषयको CPSC In -Country तालिम सानोठिमी भक्तपुरमा सम्पन्न भयो । सो कार्यक्रम श्री पुष्परमण



वाग्ले, निर्देशक प्राविधिक महाशाखाको संयोजकत्वमा परिषद्को प्राविधिक महाशाखाले गरेको थियो ।

कार्यक्रमको उद्घाटन राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. यज्ञ बहादुर कार्कीले गर्नु भएको थियो । उक्त तालीम कार्यक्रममा TVET क्षेत्रमा कार्यरत २२ जना सहभागीहरुको सहभागीता रहेको थियो । सो तालीम कार्यक्रमको संयोजकको कार्य प्रो.डा.राजेश पि.खम्बायतले गर्नु भएको थियो । स्थानीय बिज्ञको रुपमा डा.प्रमोद श्रेष्ठ र डा. लोकेन्द्र पौडेलले आ-आफ्नो विषयको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

उक्त कार्यक्रममा आधा दिनको Skilling Youth for Employability : Challenges and Perspectives विषयक सेमिनार समेत आयोजना गरिएको थियो । सो सेमिनारको उद्घाटन शिक्षा मन्त्रालयका सचिव श्री विश्वप्रकास पण्डितले गर्नुभएको थियो र समापन प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद्का सदस्य सचिव डा. रामहरि लामिछानेले गर्नुभएको थियो ।



# सूचना प्रविधिको अध्ययनले दिलायो जागिर दिदिभाइलाई

५२ पोखरी ५३ टाकुरीको जिल्ला रुकुम खलङ्गा ६ मा हाम्रो जन्म भएको हो । हामी दुर्गम गाउंमा जन्मिएर त्यहीको सरकारी विद्यालय श्री बाल कल्याण माध्यामिक विद्यालय सोलाबाङग, खलङ्गा ६ रकुमबाट विद्यालयस्तरको शिक्षा पुरागर्‍यौ । हामीसुष्मा र सुमन आफ्ना दाजु भूषण ओलीले सुर्खेतमा खोलेको सानो कम्प्युटर ईन्ष्टिच्युटमा खेल्दाखेल्दै कम्प्युटरको आधारभूत ज्ञान सिक्यौं । त्यति बेला हामी दुबै जना एस.एल.सी. को नतिजा पर्खेर बसेका थियौ । हाम्रोएस.एल.सी. को नतिजाप्रकाशित भयो र हामी दुबै जना द्धितीय श्रेणीमा उत्तिर्ण भयौं । त्यस पछि नेपाल बनेपा पोलिटेक्निक ईन्ष्टिच्युटमा ३



बर्षे डिप्लोमा तहको Information Technology विषय अध्ययनको लागि २०६५ सालमा भर्ना भयौ । हामीहरुलाई आफ्नो रुचीको विषय भएकोले अध्ययन सहज रुपमा २०६८ सालमा पुरा गर्‍यौ ।

IT base भएकोले खासै ठुलो मेहनत गर्नु परेन स्थायी हुन पनि १ महिनाको तयारी पछि नै लोकसेवा नै पास भयौं, दिदी भाईले एकै स्वरमा बताए । हाल मालपोत कार्यालय भक्तपुरमा कम्प्युटर अपरेटर पदमा कार्यरत दिदीभाईको लक्ष्य BIT पढने रहेको छ । मेहनतले



आत्मनिर्भर बनेका यी दिदीभाईको उदाहरणबाट अरु युवाहरुले पनि धेरै सिक्नु पर्ने कुरा उनीहरुका प्राचार्य तथा नेपाल बनेपा पोलिटेक्निक ईन्ष्टिच्युटका तत्कालिन प्रमुख तथा हाल TECS महाशाखाका निर्देशक श्री दोबरलाल शिलाकारले बताउनुभयो ।

दाजु लोकसेवा पास भै हाल सिन्धुपाल्चोकमा कार्यरत हुनुहुन्छ, हाम्रो प्रेरणाको पहिलो श्रोत दाजु भूषणनै हो ।

रुकुम खलँगा ६ का कर्ण बहादुर ओली पेशा किराना पसले र खेतीपाती गर्दछन् । ४ सन्तानका पिता यिनको परिवारलाई प्राविधिक परिबार भनेर चिनिन्छ आजकल । ६ जनाको परिबारमा ४ वटै केटाकेटी प्राविधिक ।

हाम्रो रुचीको विषय र समयको मागले गर्दा पनि होला सुचना प्रविधिको अध्ययन हाम्रो लागि सफलताको मार्ग बन्यो ।सुचना प्रविधिको अध्ययन गरेमा बेरोजगार रहनुनपर्ने, बजारमा यस सम्बन्धि जनशक्तिको माग अत्याधिक रहेको छ ।

**(मिष्टरकान्त मैनालीको सहयोगमा शोभा खनालसँगको कुराकानीमा आधारित ।)**

# व्यवस्थापन गोष्ठी सम्पन्न

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को ३२ औं व्यवस्थापन समीक्षा गोष्ठी कोरिया नेपाल ईन्स्टिच्युट अफ टेक्नोलोजी, बुटवलमा सम्पन्न भयो । २०७१ साल फागुन २५ गतेदेखि २८ गते सम्म संचालन भएको उक्त गोष्ठीको उद्घाटन शिक्षा मन्त्रालयका सचिव श्री विश्वप्रकाश पण्डितले गर्नुभएको थियो । उद्घाटनको क्रममा सचिव पण्डितले शिक्षा मन्त्रालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् भनेको एकै परिवारका सदस्य भएको कुरा व्यक्त गर्नुभयो । TVET Sector मा निजी क्षेत्रको ९५ प्रतिशत योगदान रहेको भन्दै निजी क्षेत्रको सह्राना पनि गर्नुभयो । यसै अवसरमा उहाँले छात्रबृत्ति बृद्धि गरि TVET को पहुँच सीमान्तकृत वर्गसम्म पुऱ्याउनु पर्ने र Soft Skill लाई बढी व्यावहारिक बनाई कार्यक्षेत्रमा कार्यान्वयन गर्नुपर्ने बिषयमा जोड दिनुभयो ।

र थप कार्यक्रमहरु चलाउन समेत तयार रहेको निष्कर्ष निकालियो । परिषदले आवश्यक पहल र सहयोग गर्न सकेमा प्राविधिक शिक्षामा चाँडै नै थप सकारात्मक उपलब्धिहासिल गर्न सकिने समेत निष्कर्ष निकालियो ।

गोष्ठीमा शिक्षालयहरुको शैक्षिक स्तर सुधार गर्न बाधकका रुपमा रहेका उल्लेखित बिषयहरु उपर गहन छलफल समेत गरियो । शिक्षालयमा नियमित उठ्नु पर्ने मासिक शूल्क सम्बन्धी, बारम्बार भै रहने बन्द हडतालबाट उत्पन्न हुने समस्या तथा प्रशिक्षक र प्रशिक्षार्थीहरुका समन्वयको अवस्था सम्बन्धी, आवश्यक शीर्षकहरुमा बजेटको अभाव, जीर्ण हुदै गएका संरचनाहरुको नियमित मर्मत संभार सम्बन्धी, प्रशिक्षक तथा कर्मचारीहरुको दरबन्दीका समस्या, पूर्णकालिन र अल्पकालिन प्राध्यापक/प्रशिक्षकहरुको ब्यवस्थापन सम्बन्धी, करार




सो कार्यक्रममा कोरीया नेपाल ईन्स्टिच्युट अफ टेक्नोलोजीका प्राचार्य श्री अरबिन्द चौधरीले स्वागत भाषण गर्नु भएको थियो । परिषदका सदस्य सचिव डा. रामहरी लामिछानेले TVET क्षेत्रमा बिद्यमान थुप्रै चुनौतीहरुका वावजुत पनि करिब १ लाख सीपयुक्त जनशक्ति प्रतिबर्ष श्रमबजारमा पठाई रोजगारीका माध्यमबाट गरिबी न्युनिकरणमा टेवा पुर्‍याईको बताउनुभयो । कार्यक्रममा परिषद्का आंगिक शिक्षालयका प्रमुखहरु,परिषदका बिभिन्न महाशाखाका निर्देशकहरु, क्षेत्रीय कार्यालयका निर्देशकहरु,संघसंगठनका प्रमुखहरुको उपस्थिती रहेको थियो ।

संघ संगठनका अध्यक्षहरुले आगामी दिनमा परिषद्को चुनौती तथा आवश्यकता तथा सम्वन्धमा आ-आफ्नो धारणा प्रस्तुत गर्नु भएको थियो । प्रस्तुतिकरणबाट शिक्षालयहरु स्तरवृद्धितर्फ उन्मुख भै रहेको

सेवामा लामो समय काम गरिहेका कर्मचारीको स्थायित्व सम्वन्धी र अन्य विषयहरुमा गहन छलफल भएको थियो ।

उल्लेखित समस्याहरु सबै शिक्षालयका साझा समस्याका रुपमा रहेका र यी समस्याहरुको समयमै समाधान नभएमा शिक्षालयहरुको शैक्षिक वातावरण बिग्रन सक्ने भएको हुँदा परिषद व्यवस्थापनले गम्भिर रुपमा लिई समाधानका लागि सक्रियता देखाउनु पर्ने कुरामा शिक्षालय प्रमुखहरुले जोड दिनुभयो ।

उक्त कार्यक्रममा प्राविधिक महाशाखाका निर्देशक श्री पुष्परमण वाग्लेले कार्यक्रममा सक्रियतापुर्वक सहभागिता जनाउनु हुने सम्पूर्ण सहभागिहरुलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो । सो गोष्ठीको अध्यक्षता परिषद्का उपाध्यक्ष डा. गोपाल खनालले गर्नुभएको थियो ।

# परिषद्को २७ औ वार्षिकोत्सव सम्पन्न



प्रा.शि तथा व्या.ता परिषद्को २७ औ वार्षिकोत्सव २०७१ साल फाल्गुण १२ गते परिषदको केन्द्रीय कार्यालय सानोठिमी भक्तपुरमा माननीय शिक्षा मन्त्री चित्रलेखा यादवज्युको प्रमुख आतिथ्यमा सम्पन्न भयो । उक्त कार्यक्रमको उदघाटन गदै माननीय मन्त्री यादवले प्राविधिक शिक्षाको महत्व र त्यसमा विद्यमान चुनौती तथा आगामी दिनमा प्राविधिक शिक्षाको संयन्त्रमा सुधार गरी यसको प्रभावकारीता बृद्धि गरिने बताउनु भएको थियो । कार्यक्रममा शिक्षा सचिव श्री विश्वप्रकास पण्डित, परिषद्का सदस्य सचिव डा.रामहरि लामिछाने, परीक्षा नियन्त्रक श्री विष्णु बहादुर द्धारे लगायत अन्य विशिष्ट व्यक्तिहरुको समेत उल्लेखनीय उपस्थिती रहेको थियो ।



सो कार्यकममा पाठ्यक्रम बिकास महाशाखाका निर्देशक श्री चन्द्रभक्त नकर्मीले स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो ।

उक्त अवसरमा बिभिन्न बिधामा उत्कृष्ट हुनु भएका २१ जना कर्मचारी तथा विद्यार्थीहरुलाई सम्मान तथा पुरस्कार प्रदान गरिएको थियो । कार्यालय सहयोगी श्री भरत प्रसाद न्यौपाने परिषद्को सर्वोत्कृष्ट कर्मचारीका रुपमा रु. ५०,०००।०० नगद सहित पुरस्कृत हुनु भयो । यसै गरी राप्ती प्राविधिक शिक्षालय दाङ्गका का.मु. शिक्षालय प्रमुख श्री यादव सुवेदी, भेरी प्राविधिक शिक्षालय नेपालगञ्जका वरिष्ठ प्लम्बिङ्ग प्रशिक्षक श्री भवान सिंह थापा, पोखरा स्कूल अफ टुरिजम एण्ड हस्पिटालिटी म्यानेजमेन्टका प्रशासकीय अधिकृत श्री बद्रिनाथ अधिकारी र ग्रामिण तालिम केन्द्र, लम्जुङका स्वास्थ्य सहायक श्री मायादेवी घिमिरे उत्कृष्ट कर्मचारीका रुपमा छनौट भई रु. २५,०००।००नगद सहित पुरस्कृत हुनु भएको छ ।



सो अवसरमा श्री ओम हेल्थ क्याम्पस चावाहिल , काठमाण्डौ र श्री भू-सूचना प्रविधि अध्ययन प्रतिष्ठान, वानेश्वर, काठमाडौं सर्वोत्कृष्ट शिक्षण संस्थाका रुपमा पुरस्कृत भएका छन् ।

परिषद्को बार्षिकोत्सव कार्यक्रमको अवसरमा सर्वोत्कृष्ट भै पुरस्कृत हुने संस्था तथा प्रशिक्षार्थीहरुको विवरण निम्नानुसार रहेको छ ।

## सर्वोत्कृष्ट शिक्षण संस्थाहरु

| सि.नं | संस्थाको नाम | कार्यक्रम/तह |
|---|---|---|
| १. | ओम हेल्थ क्याम्पस, चावाहिल, काठमाडौं | डिप्लोमा तथा प्रमाणपत्र तह |
| २. | भु सूचना प्रविधि अध्ययन प्रतिष्ठान,बानेश्वर, काठमाण्डौ | प्राविधिक एस.एल.सी. |

## सर्वोत्कृष्ट कर्मचारी श्री भरत प्रसाद न्यौपानेको भनाई



म २०५१ सालमा स्थायी कर्मचारीको रुपमा परिषद्को सेवामा प्रवेश गरिहाल सम्म निरन्तर रुपमा "कर्म गर फलको आशा नगर" भन्ने गीताको मन्त्रबाट प्रेरित भै परिषद्को सेवामा लागिपरेको छु । आफ्नो काममा निष्ठावान भएर निरन्तरलागिपर्न सकेजीवनमा सकारात्मक सोच आउँछ भन्ने मेरो मान्यता हो। त्यस्ता ब्यक्तिहरुको निष्ठाको मूल्याङ्कन एक न एक दिन अवश्य हुने नै छ भन्ने कुरामा म विश्वस्त छु। आजकल काम गर्ने शैलीमा पनि निकै परिवर्तन आएको हुँदा त्यसलाई समयानुकुल वनाउनसकिएमा काम सजिलो र चांडो हुने कुरा निश्चित छ । आपसी मनमुटाव र अस्वस्थ्य प्रतिस्पर्धाको भावना नराखी निरन्तर कार्य गरेमा मात्र कार्यालय बलियो हुन सक्दछ। आउने दिनहरुमा परिषद्ले सबै शिक्षालयहरुमा समान दृष्टि पुर्‍याउँदै दुरदराजमा बसेका कर्मचारीहरुको हकहितमा काम गर्नुका साथै त्यस्ता कर्मचारीहरुको कार्यको उच्च मुल्याङकन गर्दै पुरस्कृत गर्न सकोस् । अन्तमा यस परिषद्को उत्तरोत्तर प्रगतिको कामना समेत गर्दछु।

## सर्वोत्कृष्ट विद्यार्थीहरु

| सि.नं | विद्यार्थीको नाम | संस्थाको नाम | कार्यक्रम | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री सजनी शाक्य | कान्तिपुर एकेडेमी फर हेल्थ साईन्स, काठमाडौ | प्रमाणपत्रतह मेडिकल ल्याव टेक्नोलोजी | ९१.७६ | छात्रा तर्फ |
| २ | श्री रोहित राई | शहीद स्मारक जनस्वास्थ्य सहकारी संस्था,काठमाडौ | प्रमाणपत्र तह सामान्य चिकित्सा | ८९.०५ | छात्र तर्फ |
| ३ | श्री कृष्टी कुँवर | सेती प्राविधिक शिक्षालय, दिपायल, डोटी | डिप्लोमा ईन सिभिल इञ्जिनियरिङ्ग | ८१.०८ | छात्रा तर्फ |
| ४ | श्री दुर्गा गुरुङ्ग | नेपाल पोलिटेक्निक इन्स्टिच्यूट, चितवन | डिप्लोमा ईन सिभिल इञ्जिनियरिङ्ग | ७८.०५ | छात्र तर्फ |
| ५ | श्री सृजना बस्नेत | कलेजअफएप्लाईड फुडएण्डडेरीटेक्नोलोजी,काठमाडौ | कृषि, वन तथा खाद्य प्रविधि कार्यक्रम | | छात्र तर्फ |
| ६ | श्रीआषिश कपाली | काठमाडौं फरेष्ट्री कलेज, कोटेश्वर, काठमाडौं | डिप्लोमा ईन फरेष्टी | ७८.५ | छात्र तर्फ |

### हार्दिक बिदाई साथै सुखमय जीवनको कामना

लामो समयसम्म परिषद्को सेवामा कार्यरत रही उमेरको हदको कारणले परिषदको सेवाबाट अनिवार्य अवकाश प्राप्त गर्नु भएका तपशिलका कर्मचारीहरुलाई परिषद्ले स–सम्मान बिदाई गरेको छ । निजहरुले परिषद सेवामा रहँदा पुर्‍याउनु भएको सेवा प्रति सम्मान गर्दै प्राविधिक बुलेटिन सम्पादक मण्डल सेवा निवृत्त कर्मचारीहरुकोजीवन सुखमय रहोस्भन्ने कामना गर्दछौं ।

| क्र.सं. | कर्मचारीहरुको नाम | पद |
|---|---|---|
| १. | श्री नीर बहादुर जिरेल | निर्देशक |
| २. | श्री शालिकराम ढकाल | निर्देशक |
| ३. | श्री रामनारायण चौधरी | बरिष्ट कृषि प्रशिक्षक |
| ४. | श्री सुनिल ठाकुर बाहुन | बरिष्ट अटोमोवाइल प्रशिक्षक |
| ५. | श्री छविरमण सुवेदी | प्रशासकीय अधिकृत |
| ६. | श्री सूर्य बहादुर मगर | कार्यालय सहयोगी |
| ७. | श्री कुल बहादुर दर्लामी मगर | कार्यालय सहयोगी |
| ८. | श्री अब्दुल रुप खाँन | कार्यालय सहयोगी |
| ९. | श्री भरत भुसाल | प्रशासकीय अधिकृत |
| १०. | श्री चन्द्रभक्त नकर्मी | निर्देशक |
| ११. | श्री भरतराज न्यौपाने | वरिष्ठ सीप परीक्षण अधिकृत |

# सीप विकास तालीम प्रदायक संस्थाहरूको गोष्ठी

सीप विकास तालीम प्रदायक संस्थाहरु बीचको २ दिने अर्न्तक्रिया गोष्ठी अल्फाविटा कम्प्लेक्स नयाँ वानेश्वरमा २०७१ साल पौष २२ र २३ गते सम्पन्न भयो। कार्यक्रमको आयोजना व्यावसायिक सीप विकास तालीम केन्द्र, भैंसेपाटी र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषदले संयुक्त रुपमा गरेका थिए। नौ वटा विभिन्न मन्त्रालयहरुका प्रतिनिधिहरुको उपस्थिती रहेको उक्त कार्यक्रममा परिषद्को तर्फवाट राष्ट्रिय सीप परीक्षण समिति र पाठ्यक्रम विकास महाशाखाले आ–आफ्ना निकायका विषयगत प्रस्तुती गरेका थिए। त्यस्तै आंगीक र निजीस्तरमा सञ्चालित संस्थाहरुको तर्फवाट पनि प्रस्तुतिहरु गरिएको थियो।

**नयाँ नयाँ प्रविधिहरु प्रयोगमा आईरहेको सन्दर्भमा स्वदेशी र बिदेशी श्रम बजारमा दक्ष जनशक्ति आपूर्ती गर्न सक्ने संस्थाहरु तयार गर्नु पर्ने र त्यसको लागि आवश्यकता अनुसार TVET Policy लाई पुन:विचार गर्नुपर्ने छ।**




कार्यक्रममा श्रम तथा रोजगार राज्यमन्त्री माननीय श्री टेकवहादुर गुरुङले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमलाई अझै गाउँमुखी बनाउनु पर्ने तथा ग्रामिण युवाहरुलाई दक्ष बनाउन सके यो प्रयास समाज रुपान्तरणमा महत्वपूर्ण हुने कुरा बताउनु भयो। यसका लागि तालीम प्रदायक संस्थाहरु बीच समन्वय र सहकार्यको आवश्यकता रहेको तर्फ पनि राज्य मन्त्री गुरुङ्गले औल्याउनु भयो।

कार्यक्रममा श्रम मन्त्रालयका सहसचिव श्री केवल प्रसाद भण्डारीले पाठ्यक्रम, प्रशिक्षण विधि तथा व्यवहारिक प्रशिक्षणका विषयहरुमा एकरुपता ल्याउनु पर्नेमा कुरामा जोड दिनु भयो। शिक्षा मन्त्रालयका सहसचिव डा. हरि प्र.लम्सालले प्राविधिक शिक्षा व्यावसायिक तालीम परिषद् नीति २०६९ पारित भै सकेको सन्दर्भमा सबै तालीम प्रदायक संस्थाहरुले सोही नीति भित्र बसेर छरिएर रहेका प्रयासलाई एकै ठांउमा ल्याउने Synergy Create गर्ने, समन्वय गर्ने, दोहोरोपन हटाउने,समस्याहरु उपर संगै बसेर छलफल गर्नु र समाधान निकाल्नु पर्नेमा जोड दिनुभयो। त्यसैगरी TVET Fund Board स्थापना गर्ने, प्राविधिक शिक्षाको पहुँचसर्वसुलभ बनाउन समावेशीतामा जोड दिने,राष्ट्रिय सीप परीक्षण समितिलाई National Qualification Authority (NQA) मा परिणत गरेर स्वायत्त बनाउन र यस क्षेत्रसँग सम्बद्ध सरोकारवालाहरुलाई संगै अगाडि बढ्नका लागि TVET Road Map बनाउन आवश्यक रहेको व्यहोरा औल्याउनु भयो। परिषद्का सदस्य सचिव डा. रामहरि लामिछानेले निजी संस्थाहरु स्वायत्त हुने भएकोले थप सृजनशील काम गर्न सक्ने कुरा व्यक्त गर्नु भयो।

सो कार्यक्रममा राष्ट्रिय सीप परीक्षण समितिका निर्देशक डा.कुलवहादुर बस्नेतले नेपाल र विदेशको सीप सिकाई, प्रशिक्षण विधि आदिको फरकले गर्दा काम गर्न असहज परिस्थिती भै रहेको बताउनु भयो।

उक्त अवसरमा यस क्षेत्रसंग सम्वन्धित् विज्ञहरुले तालीम दिदैमा रोजगारी सृजना हुन्छ भन्न नसकिने भन्दै नयाँ नयाँ प्रविधिहरु प्रयोगमा आईरहेको सन्दर्भमा स्वदेशी र बिदेशी श्रम बजारमा दक्ष जनशक्ति आपूर्ती गर्न सक्ने संस्थाहरु तयार गर्नु पर्ने र त्यसको लागि आवश्यकता अनुसार TVET Policy लाई पुन:विचार गर्नुपर्ने बिचार व्यक्त गर्नु भयो।

# तेश्रो र चौथो संयोजन बैठक सम्पन्न

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, सूचना तथा अनुसन्धान महाशाखाको संयोजकत्वमा UCEP नेपाल तथा MDSI को साझेदारी र Employment fund को सहयोगमा तेश्रो र चौथो संयोजन बैठक (Sharing Event/Coordination Meeting) २०७१ फाल्गुण १५ र चैत्र ३० गते सम्पन्न भयो । उक्त कार्यक्रममा विभिन्न प्राविधिक शिक्षा प्रदायक संस्था र सरोकारवालाहरुको उपस्थिती रहेको थियो । ३ चरणमा बिभाजन गरेर संचालन गरिएको उक्त कार्यक्रममा सूचना तथा अनुसन्धान महाशाखाका निर्देशक श्री सौरभराम जोशीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । स्वागत मन्तव्यको क्रममा निर्देशक जोशीले TVET Sector Development Modelको औचित्य, तालीमको प्रभावकारीता, परिषद्का पाठ्यक्रमहरुको समय सापेक्षता, Duplication, नीति नियम जस्ता सवालहरुको परिषद्ले पुनरावलोकन गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो ।

तेश्रो sharing event मा परिषद् अन्तर्गत संचालित आंगिक, निजी, Tecs विद्यालयहरु,गैरसरकारी संस्थाहरुले Best Practice, challenges, lesson learnt सम्बन्धमा आ आफ्नो प्रस्तुती गरेका थिए । चौथो Sharing Event मा दुई वटा कार्यपत्र प्रस्तुत गरिएको थियो । पहिलो LMIS Expert and ADB Consultant Ina ले Labour Market Assessment बारे कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । उहाले trends,needs,status of demand and supply of Labour market बारे आफ्नो कार्यपत्रमा विस्तृत उल्लेख गर्नु भएको थियो । दोश्रो कार्यपत्रको प्रस्तुती सुचना तथा अनुसन्धान महाशाखाका निर्देशक सौरभराम जोशीले गर्नुभएको थियो । उहाले CTEVT Mapping and future Direction on expansion and access to TVET को बारेमा पहुंच कहा पुग्यो कहां पुगेन भविष्यमा कहां कहां कस्ता कार्यक्रमहरु संचालन गर्नु पर्दछ CTEVT Map बाट स्पष्ट देखाउनु भएको थियो ।



प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले भरमग्दुर प्रयास गर्दा गर्दै पनि देशमा अझै दक्ष प्राविधिक जनशक्तिको अभाव यथावत रहेको तर्फ लक्षित गर्दै राष्ट्रिय सीप परीक्षण समितिका निर्देशक डा.कुल वहादुर वस्नेतले निजी क्षेत्र बिकासको मेरुदण्ड भएको हुँदा प्राविधिक शिक्षाको क्षेत्रमा साझेदारी गराउनु पर्ने र Soft Skill लाई पनि प्राथमिकतामा राखिने हो भने प्राविधिक जनशक्तिको अभाव केही हदसम्म समाधान हुन सक्ने बिचार राख्नु भएको थियो ।

देशमा अहिले १२ वटा मन्त्रालयहरुले विभिन्न प्राविधिक विषयमा तालीम संचालन गरी रहदा र राज्यले उल्लेख्य लगानी गर्दागर्दै पनि श्रम बजारमा दक्ष प्राविधिक जनशक्ति पर्याप्त नभएको अवस्था प्रति बिज्ञहरुले चिन्ता व्यक्त गर्नु भयो ।

## कर्मचारी संगठनको अधिवेशन सम्पन्न

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कर्मचारी संगठनको बार्षिक अधिवेशन २०७१ साल पौष २५ गते प्रा.शि तथा व्या.तालीम परिषद्को कार्यालय परिसरमा सम्पन्न भयो । नेपाल कम्युनिष्ट पार्टी एमालेका सचिव श्री प्रदिप ज्ञवालीको प्रमुख आतिथ्यमा सम्पन्न भएको अधिबेशनमा विभिन्न वक्ताहरुले कर्मचारीको हकहित र ट्रेड युनियनको भुमिका वारे आ आफ्नो मन्तब्य ब्यक्त गर्नुभएको थियो । उक्त अवसरमा प्रा.शि तथा व्या.तालीम परिषद् कर्मचारी संगठनका अध्यक्ष श्री नागेन्द्र साहले गुणस्तरीय प्राविधिक शिक्षा तथा कर्मचारी हकहितका लागि संगठनले खेलेको भुमिकाका सम्वन्धमा जानकारी दिनुभयो । सो अवसरमा प्राविधिक शिक्षाको क्षेत्रमा योगदान दिनुहुने प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का पुर्व कर्मचारी प्रो.डा. टंकनाथ शर्मा र पुर्व सदस्य सचिव डा.अग्नी प्र.काफ्लेलाई सम्मान गरिएको थियो । उक्त कार्यकम संगठनका अध्यक्ष श्री नागेन्द्र साहको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## कर्मचारी संघको चियापान कार्यक्रम

मिति२०७१ साल चैत्र ३० गते नया वर्ष २०७२ सालको पुर्वसन्ध्यामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कर्मचारी संघ केन्द्रीय समितिले सम्पूर्ण कर्मचारीहरुमा शुभकामना आदन प्रदान, चियापान साथै २०७२ सालको क्यालेण्डर वितरण कार्यक्रम सम्पन्न गरेको थियो । उक्त कार्यक्रममा परिषद कार्यालयका अधिकांश कर्मचारीको उपस्थिती रहेको । सदै सवैको भलो होस भन्ने सानो तर ह्दयस्पर्शि वाक्यांसलाई मनन गदै कार्यक्रमको अध्यक्षता संघका केन्द्रीय अध्यक्ष देवदत्त वडुले गर्नुभएको थियो । साथै कार्यक्रमको उदघोषण संधका महासचिव शंकर कोइरालाले गर्नु भएको थियो ।

## विनासकारी भूकम्पले शिक्षालयहरुमा क्षति

२०७२ बैशाख १२ गते गएको ७.८ रेक्टरस्केलको विनासकारी भूकम्पले परिषद् अन्तर्गतका जिरी प्राविधिक शिक्षालय, जिरी, दोलखा, बालाजु स्कुल अफ ईन्जिनियरीङ्ग एण्ड टेक्नोलोजी, बालाजु र सीप विकास परियोजना, काठमाण्डौंमा क्षति पुगेको छ ।

## उद्धार कार्यमा सहभागी

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषदका कर्मचारीहरु २०७२ बैशाख २६ गते शनिवारका दिन महाभुकम्पले ठुलो धनजनको क्षति पुगेको सांखुमा उद्धार कार्यमा संलग्न भएका थिए । कामका लागि कुनै औजार नभएतापनि इंटा,काठ तथा अन्य सामानहरु व्यवस्थित गर्न सहयोग गरेका थिए । स्थानीय रुपमा प्राप्त कुटो, कोदालोको सहयोगले भत्केका घरहरुबाट मोटरसाईकल,दराज तथा अन्य महत्वपुर्ण सामानहरु निकालिएको थियो ।

## उद्धार कोषमा रकम जम्मा

परिषद् केन्द्रीय कार्यालय र अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुले आफ्नो तलवबाट कट्टा गरिएको रकम रु ४०,०२,३३४/- को चेक प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्नका लागि माननीय शिक्षा मन्त्री श्री चित्रलेखा यादवको उपस्थितिमा परिषद्का सदस्य सचिव डा. रामहरि लामिछानेले सम्माननीय प्रधानमन्त्री श्री सुशिल कोइरालालाई प्रधानमन्त्री निवास बालुवाटारमा हस्तान्तरण गर्नुभयो ।

२०७२ साल बैशाख १२ गतेदेखि
हालसम्म आइरहेको विनाशकारी भूकम्पमा परि
निधन भएका सबै व्यक्तिहरुको आत्माको चीरशान्तिको
कामना गर्दै भावपूर्ण श्रद्धान्जली र घाईतेहरुको शीघ्र स्वास्थ्य
लाभको कामना गर्दछौं ।

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परिवार**

# परिषदबाट सम्बन्धन प्राप्त छोटो अवधिका तालीम कार्यक्रमहरूको विवरण

## Training Development Division CTEVT Affiliated Short-term Program

| S.N. | Zone | District | District code | No of insti-tutes | No. of Programs | Remarks |
|---|---|---|---|---|---|---|
| 1.1 | Bagmati | Bhaktapur | bktp | 5 | 51 | Central |
| 1.2 | Bagmati | Dhading | dhad | 1 | 2 | Central |
| 1.3 | Bagmati | Kathmandu | kath | 139 | 1258 | Central |
| 1.4 | Bagmati | Kavre | kavr | 4 | 19 | Central |
| 1.5 | Bagmati | Lalitpur | lalt | 31 | 232 | Central |
| 1.6 | Bagmati | Nuwakot | nuwk | 1 | 28 | Central |
| 1.7 | Bagmati | Sindhupal-chok | sinp | 1 | 20 | Central |
| | **Total** | | | **182** | **1610** | |
| 2.1 | Bheri | Banke | bank | 6 | 102 | Mid far west |
| 2.2 | Bheri | Bardiya | bard | 2 | 15 | Mid far west |
| 2.3 | Bheri | Surkhet | surk | 7 | 107 | Mid far west |
| | **Total** | | | **15** | **224** | |
| 3.1 | Gandaki | Gorkha | gork | 2 | 4 | Western |
| 3.2 | Gandaki | Kaski | kask | 16 | 135 | Western |
| 3.3 | Gandaki | Lamjung | lamj | 1 | 3 | Western |
| 3.4 | Gandaki | Tanahu | | 1 | 1 | Western |
| | **Total** | | | **20** | **143** | |
| 4.1 | Janakpur | Dhanusha | dhns | 5 | 44 | Central |
| 4.2 | Janakpur | Dolakha | dolk | 1 | 1 | Central |
| 4.3 | Janakpur | Ramechhap | ramc | 1 | 10 | Central |
| 4.4 | Janakpur | Sarlahi | sarl | 6 | 33 | Central |
| | **Total** | | | **13** | **88** | |
| 5.1 | **Karnali** | **Humla** | **huml** | **1** | **1** | Mid far west |
| 6.1 | Koshi | Dhankuta | dhnk | 1 | 35 | Eastern |
| 6.2 | Koshi | Morang | morg | 20 | 265 | Eastern |
| 6.3 | Koshi | Samkhuwas-abha | sank | 1 | 3 | Eastern |
| 6.4 | Koshi | Sunsari | suns | 10 | 130 | Eastern |
| | **Total** | | | **32** | **433** | |
| 7.1 | Lumbini | Arghakhachi | argh | 1 | 12 | Western |
| 7.2 | Lumbini | Kapilbastu | kapl | 1 | 6 | Western |
| 7.3 | Lumbini | Nawalparasi | nawl | 7 | 39 | Western |
| 7.4 | Lumbini | Palpa | rupd | 1 | 6 | Western |
| 7.5 | Lumbini | Rupandehi | | 13 | 88 | Western |
| | **Total** | | | **23** | **151** | |
| 8.1 | Mahakali | Darchula | darc | 1 | 1 | Far western |
| 8.2 | Mahakali | Kanchanpur | kanc | 5 | 40 | Far western |
| | **Total** | | | **6** | **41** | |
| 9.1 | **Mechi** | **Jhapa** | **jhap** | **10** | **79** | Eastern |
| 10.1 | Narayani | Bara | bara | 5 | 54 | Central |
| 10.2 | Narayani | Chitwan | chit | 13 | 130 | Central |
| 10.3 | Narayani | Makwanpur | makw | 2 | 8 | Central |
| 10.4 | Narayani | Parsa | pars | 7 | 72 | Central |
| 10.5 | Narayani | Rautahat | raut | 3 | 28 | Central |
| | **Total** | | | **30** | **292** | |
| 11.1 | Rapti | Dang | dang | 1 | 13 | Mid far west |
| 11.2 | Rapti | Rolpa | rolp | 1 | 4 | Mid far west |
| 11.3 | Rapti | Rukum | rukm | 1 | 7 | Mid far west |
| | **Total** | | | **3** | **24** | |
| 12.1 | Sagar-matha | Saptari | sapt | 1 | 16 | Eastrern |
| 12.2 | Sagar-matha | Siraha | sirh | 2 | 11 | Eastrern |
| 12.3 | Sagar-matha | Udaypur | udyp | 1 | 6 | Eastrern |
| | **Total** | | | **4** | **33** | |
| 13.1 | Seti | Doti | doti | 1 | 2 | Far western |
| 13.2 | Seti | Kailali | kail | 18 | 269 | Far western |
| | **Total** | | | **19** | **271** | |
| 14 | **Grand total Total** | | | **358** | **3390** | |

# विनाशकारी भूकम्पपछि...







भूकम्पपछि जिरी प्राविधिक शिक्षालयको अवस्था







भूकम्प पीडितको उद्धार कार्यमा संलग्न प्रा.शि. तथा व्या.ता. परिषद्का कर्मचारीहरू



प्रधानमन्त्री राहत कोषमा भूकम्प पीडितका लागि चेक हस्तान्तरण गर्दै प्रा.शि. तथा व्या.ता. परिषद्का सदस्य सचिव डा. रामहरी लामिछाने

## सूचना

परिषद्को चौमासिक प्रकाशन यस समाचार बुलेटिन CTEVT News लाई निरन्तर रुपमा प्रकाशन गर्ने हाम्रो लक्ष्य रहेको छ। आगामी अंकहरूमा हाम्रा कार्यक्रमहरूबाट उत्पादित प्रशिक्षार्थीहरूबाट रोजगार वा स्वरोजगार भई उल्लेख्य सफलता प्राप्त गरेको घटनालाई लिपीबद्ध गरी परिषद्को ठेगानामा पठाईदिनु भएमा त्यसलाई समाचारको रूपमा प्रकाशित गर्ने छौं।

– सूचना तथा अनुसन्धान महाशाखा